# इष्टर्न हाइड्रोपावर लिमिटेड

ललितपुर, महानगरपालिका-१०, ललितपुर

## आठौं वार्षिक साधारण सभासम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति : २०८१।०९।०७ गते)

यस कम्पनीको मिति २०८१ पौष ५ गते शुक्रबार दिनको ३:३० वजे बसेको संचालक समितिको निर्णय अनुसार यस कम्पनीको आठौं (आ.व. २०८०।८१) वार्षिक साधारण सभा निम्न मिति ,समय र स्थानमा निम्न लिखित विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूलाई जानकारी गराउँदै सभामा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएकोछ ।

**आठौं बार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**

मिति : २०८१ पौष २९ गते सोमबार (तदनुसार १३ जनवरी २०२५)

समय : विहान ११:०० बजे

स्थान : होटल हार्दिक, बागबजार, काठमाडौं ।

**आठौं बार्षिक साधारणका छलफलका प्रस्तावहरू**

**(१) सामान्य प्रस्तावहरू**

क) कम्पनीको तर्फबाट कार्यकारी अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०८०/८१ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

ख) कम्पनीको आ.व. २०८०/८१ को लेखापरिक्षण प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

ग) कम्पनीको आ.व. २०८१/८२ को लेखापरिक्षण गर्नका लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

(२) विबिध ।

**साधारण सभासम्बन्धी थप जानकारी**

१. बार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८१।९।१८ गते एक दिन शेयर दर्ता किताव बन्द (Book Close) रहनेछ ।

२. साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधीपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा २ दिन अगावै अर्थात मिति २०८१/०९/२६ गते दिनको ५ बजेभित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराई सक्नुपर्ने वा कम्पनीको इमेल pikhuwakhola5@gmail.com मा पठाइ सक्नुपर्नेछ । कम्पनीको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन पाइने छैन ।

३. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नुहुनेछ ।

४. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिरी पुस्तिका बिहान १०:३० बजेदेखि खुल्ला रहनेछ । सभामा भाग लिन शेयरधनीहरूले अनिवार्य रुपमा आफ्नो परिचय खुल्ने कुनै प्रमाणपत्र तथा शेयरप्रमाण पत्र वा हितग्राही खाता (Demat Account) मा शेयर अभौतिकरण गरिएको विवरण लिएर आउनुपर्नेछ ।

५. साधारण सभासम्धी थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा टेलिफोन नं ०१-५४५०९३४ मा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**संचालक समितिको आज्ञाले**

**कम्पनी सचिव**